पद जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको मिति २०७६।०९।२७ को निर्णयहरू:

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७६।०८।२३ को निर्णयानुसार राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यकारी प्रमुख पदमा नियुक्त हुनु भएका श्री अनील पोखरेललाई यो कार्यकारी समितिको सदस्य-सचिवको रूपमा स्वागत गर्दै सफल कार्यकालको शुभ-कामना दिने निर्णय गरियो ।

२०७६ सालको चिसो मौसमको अवस्था/समय अझै बाँकी रहेकोले सम्बद्ध सबै सरकारी निकाय तथा तह, गैर-सरकारी क्षेत्र र मानवीय क्षेत्रमा क्रियाशिल संघ-संस्थाहरुले आ-आफ्नो क्षेत्रबाट सम्भावित शीतलहर, हिमपात तथा चिसो मौसमको प्रतिकूलतासँग जुझ्न आवश्यक व्यवस्थापन गर्ने सम्बन्धमा मिति २०७६।०८।०३ को विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको निर्णय र सो निर्णय कार्यान्वयनका लागि तर्जुमा गरिएको कार्ययोजना समेतको आधारमा आवश्यक पूर्वतयारी एवं राहत वितरण कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

ट्रिय भूकम्प सुरक्षा दिवस (हरेक वर्षको माघ २ गते) विगतका वर्षहरू झैं सचेतनामूलक ार्यक्रमहरूका साथ मनाउन ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई रु. १५०००।- (अक्षरूपी न्ध्र हजार) का दरले जम्मा रु. ११ लाख ५५ हजार उपलब्ध गराउने निर्णय २२ औं भूकम्प रक्षा दिवस मूल समारोह समितिको मिति २०७६।०९।१३ को बैठकले गरेको उक्त रकम न्द्रीय विपद् व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरेकोले सो रकम अनुमोदन गर्ने निर्णय रियो ।

ट्रिय भूकम्प सुरक्षा दिवस, २०७६ का विभिन्न क्रियाकलाप संचालन गर्नका लागि गृह मन्त्रालयको न्द्रीय विपद् व्यवस्थापन कोषबाट रु. ४,०००००।- (अक्षरूपी चार लाख) भूकम्प प्रविधि समाज पाललाई भुक्तानी दिने निर्णय भएकोले सो रकम अनुमोदन गर्ने निर्णय गरियो ।

ाष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले प्रचलित ऐन नियम मुताविक आफ्नो धिकारक्षेत्र र कार्यप्रकृति अनुसार गर्नुपर्ने कामकारवाहीको कार्ययोजना (Priority Action Plan) र ैनिक कार्यसंचालनका लागि कार्यसंचालन कार्यविधी (SoP) गृह मन्त्रालयसँगको समन्वयमा तयार गरी माननीय गृहमन्त्रीज्यूबाट स्वीकृत गरी लागु गर्ने । गृह मन्त्रालयबाट साविकमा हुँदै आएका नीतिगत र व्यवस्थापकीय काम बाहेक विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी चालु कार्यक्रम संचालनका कार्य गृह मन्त्रालयले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई हस्तान्तरण गर्ने र अब उप्रान्त संघीय तहमा संचालन गरिने विपद्

(१५।१।१)

२०७६/५/२६

जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु कार्यकारी समितिको नियन्त्रण र निर्देशन तथा गृह मन्त्रालय र सम्बन्धित मन्त्रालयसँगको समन्वयमा प्राधिकरणले संचालन गर्ने गराउने निर्णय गरियो ।

६. प्रादेशिक तथा स्थानीय तहमा संचालन हुने विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्यक्रमको हकमा प्राधिकरणले कार्यकारी समितिको निर्णयानुसार आवश्यक सहजीकरण तथा मार्गदर्शन गर्ने निर्णय गरियो ।

७. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण स्थापना भई कार्यसंचालन भैसकेको सन्दर्भमा प्राधिकरणको लागि आवश्यक जग्गा, भवन लगायत भौतिक संरचना र जनशक्ति व्यवस्थापनका लागि प्राधिकरणको आवश्यकता र गृह मन्त्रालयको समन्वय अनुसार माग भै आएको परिप्रेक्षमा सम्बन्धित मन्त्रालय, विभाग तथा निकायहरुले आवश्यक सहयोग गर्ने निर्णय गरियो ।

८. प्राधिकरणको कार्यसंचालनका लागि चालु आ.व. को वजेट व्यवस्थापनका सम्बन्धमा गृह मन्त्रालयको वजेट विनियोजनमा थप गर्ने वा प्राधिकरणको वजेट शिर्षक समावेश गरी वजेट व्यवस्थापन गर्न अर्थ मन्त्रालयलाई गृह मन्त्रालयबाट अनुरोध गर्ने । आगामी आर्थिक वर्षका लागि प्राधिकरणको छुट्टै वजेट शीर्षक सहित बजेट र कार्यक्रमको व्यवस्था गर्न राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयसँग अनुरोध गर्ने निर्णय गरियो ।

९. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा निर्देशिका, २०६७ (प्रथम संशोधन २०७६) स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।

१०. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिबाट अनुमोदन गर्ने गरी केन्द्रीय विपद् व्यवस्थापन कोषबाट शीतलहर तथा हिमपातको असर न्यूनीकरणका लागि पूर्वतयारी गर्न तराईका २२ र हिमाली २० जिल्लामा निकासा भएको रु. १ करोड ४० लाख ७९ हजार ८ सय ७१ र प्रकोप पूर्वतयारी संजाल, नेपाल (DPNet Nepal) लाई हरेक वर्ष अक्टोवर १३ तारिखका दिन मनाइने अन्तर्राष्ट्रिय विपद् जोखिम न्यूनीकरण दिवस (IDDR Day) मनाउन विभिन्न कार्यक्रम संचालन गर्नका लागि रु. ५० हजार र विभिन्न जिल्लाहरुको जिल्ला विपद् व्यवस्थापन कोषमा निकासा गरेको रु. ५३ लाख समेत गरी जम्मा १ करोड ९४ लाख २९ हजार ८ सय ७१ दिने गरी भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

११. गृह मन्त्रालयबाट संचालन हुँदै आएको केन्द्रीय विपद् व्यवस्थापन कोषमा हालको मौज्दात रु. १ अर्ब ४३ करोड ८० लाख ९८ हजार ९ सय ४२ मात्र बाँकी रहेको जानकारी सम्प्रेषण गरियो ।